★ राष्ट्रियता Nationality ★ लोकतन्त्र Democracy ★ समाजवाद Socialism ★ विद्यार्थी एकता Student's Unity

# नेपाल विद्यार्थी संघ
# NEPAL STUDENTS' UNION

२०२७ (1970)
केन्द्रीय कार्यालय, काठमाण्डौ
Central Office, Kathmandu

Ref. No:

मिति: २०७९/०२/३०

**छानबिन समिति गठन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति २०७९।०२।१२ गते, सुनसरी ईटहरी - ९ मा रहेको चिन्तन चौतारी होटलमा बोलाई सुनसरी टेक्निकल कलेज ईटहरीका संचालकलाई बाध्यात्मक अवस्था सृजना गरी पैसा नदिएमा कलेजमा आगो लगाई दिने, भौतिक तथा मानसिकरुपमा हुनसक्ने यातना समेतको डर देखाई भयभित अवस्था श्रृजना गरी रु. ७०,०००।- (सत्तरी हजार) अपराधिक लाभ लिई फरार रहेको अभियोगमा शशिन्द्र मोहन राउतलाई ईप्रका ईटहरीको टोलीले मिति २०७९।०२।२४ गते ईटहरी-९ बाट पक्राउ गरी अपराधिक लाभ शिर्षकमा सम्मानित सुनसरी जिल्ला अदालतबाट म्याद लिई अनुसन्धान भईरहेको नेपाल विधार्थी संघ केन्द्रीय समितिलाई जानकारिमा आएको छ ने.वि.संघका सदस्य रहेका शशिन्द्र मोहन राउतले आफुलाई स्वघोषित ने.वि.संघ सिटिभिईटिको सहसंयोजक रहेको भनी संघको नाममा अनैतिक,अराजक गतिविधि गर्दै हिडेको सुचना समेत केन्द्रीय समितिमा आएको छ ।

ने.वि.संघको नाममा शशिन्द्र मोहन राउतले गरेका अनैतिक गतिविधि र उक्त घटनाबारे विस्तृत बुझेर छानबिन गरि एक हप्ता भित्र सत्यतथ्य सहित प्रतिवेदन केन्द्रीय कार्यालयमा बुझाउन तपशिल बमोजिमको ३ सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

**संयोजक: मिरा कटुवाल , पुर्व केन्द्रीय सदस्य**

**सदस्य: मधुसूदन पराजुली**

**सदस्य : रोशन बस्नेत**

दुजाङ शेर्पा
अध्यक्ष
नेपाल विद्यार्थी संघ
केन्द्रीय कार्यसमिति